धुनिवेशीनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानिखोला,धादिङ
बागमती प्रदेश

प.स.२०७७/०७८
च.नं ५२९

मिति २०७७/६/२७

## आमा बाबु बिहिन बालबालिका संरक्षणको लागि धुनिबेशी नगरपालिकाद्धारा जारी सूचना !!!

आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमा बाबु दुबै गुमाएका बालबालिकाको शिक्षा,स्वास्थ्य र पोषणको सुनिश्चिता गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्धेश्यले कानुन बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागि तपशिलका योग्यता पुगेका व्यक्तिहरुले तल उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

### आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :

- जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि),
- बाबु र आमा दुवैको मृत्युदर्ताको प्रतिलिपि वा बाबु र आमा दुवै बेपत्ता भएको वा दुवैको संरक्षक र रेखदेखबाट वञ्चितमा परेको प्रमाणित कागजात,
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र ( ५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा मात्र)

### भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता

- आमा बाबु दुवैको मृत्यु भएको वा वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेको,
- १८ वर्ष उमेर पुरा नगरेको,
- ५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको ।

महिला तथा बालबालीका शाखा
धुनिबेशीनगरपालकिाको कार्यालय
खानिखोला,

प्रमुख प्रशासकीय अधिकृत